निर्णय प्रमाणित

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०१/२०७८/०७९

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| धन्यवाद ज्ञापन गर्ने। | १ |
| गाउँ कार्यपालिका मातहतको विषयगत समितिको गठन गर्ने। | २ |
| गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने। | ३ |
| स्थानीय राजस्व परामर्श समितिको गठन गर्ने। | ४ |
| गाउँ कार्यपालिकाको प्रवक्ता तोक्ने। | ५ |
| कार्यपालिकाको बैठक संख्याको क्रम निर्धारण गर्ने। | ६ |
| गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानका सडकहरु मर्मतसम्भार गर्ने। | ७ |
| राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँगको साझेदारीमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने। | ८ |
| विपद् रोकथामका लागि विभिन्न स्थानमा बाँस पाइलिङ गर्ने। | ९ |
| श्री सिंहदेवी मावि, कानेपोखरी ५ को पुरानो भवन भत्काउने अनुमती दिने र राष्ट्रपति शैक्षिक सुधार आयोजना मार्फत प्राप्त ४ कोठे भवन निर्माणका लागि जग्गाको साइज अनुसार भवनको संरचना निर्माण गर्ने अनुमती प्रदान गर्ने। | १० |
| गाउँपालिकास्तरीय सहजीकरण समिति गठन गर्ने। | ११ |
| अपाङ्गता स्थानीय समन्वय समितिमा कार्यपालिकाको महिला सदस्य एकजना मनोनयन गर्ने। | १२ |
| विपद्को पुर्व तयारीका लागि विपद् सामाग्री तत्काल खरिद गर्ने। | १३ |
| गाउँ सभा अधिवेशनमा पेश गरिने विभिन्न विधेयकहरुको मस्यौदा तर्जुमा प्रकृया अघि बढाउने। | १४ |

**निर्णय नं. (१)**

**प्रस्ताव नं. (१)** माथि छलफल गर्दा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट कानेपोखरी गाउँपालिकामा नयाँ एवम् ताजा जनादेश सहित जनप्रतिनिधिको छनोट गरी पठाउनु हुने आम कानेपोखरी आमाबुबा, दाजुभाई तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद दिने र उक्त निर्वाचनमा सभ्य, भव्य र मर्यादित तवरले सहभागिता जनाउनु हुने स्थानीयस्तरमा क्रियाशील सम्पूर्ण राजनैतिक दल, दलका उम्मेद्वार, स्वतन्त्र उम्मेद्वार समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। त्यसैगरी निष्पक्ष र पारदर्शी तवरले निर्वाचनको सम्पूर्ण प्रकृयामा औपचारिक भूमिका निर्वाह गर्नुहुने निर्वाचन अधिकृत श्री गणेश नायक र वहाँको नेतृत्वमा रहेको निर्वाचन कार्यालय, त्यसमा खटिएका सम्पूर्ण कर्मचारी, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

**प्रस्ताव नं. (२)** माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम १५ मा व्यवस्था भएको गाउँ कार्यपालिका मातहत रहने तपसिलमा उल्लिखित छ (६) वटा विषयगत समितिहरुको गठन देहाय बमोजिम गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सि.नं. | विषयगत समितिको नाम | विषयगत समितिमा रहने पदाधिकारीहरुको नाम, थर र दर्जा |
|---|---|---|
| १. | सार्वजनिक सेवा तथा क्षमता विकास | १. श्री गोपाल बहादुर कार्की -संयोजक<br>२. श्री रामजी भण्डारी -सदस्य<br>३. सामान्य प्रशासन शाखा प्रमुख -सदस्य सचिव |
| २. | आर्थिक विकास समिति | १. श्री सुशिल बुढाथोकी -संयोजक<br>२. श्री डिल्लीमान गिरी -सदस्य<br>३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कृषि/पशुसेवा तर्फको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव |
| ३. | सामाजिक विकास समिति | १. श्री खड्ग बहादुर बस्नेत -संयोजक<br>२. श्री जीवन सुब्बा लिम्बु -सदस्य<br>३. शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव |

निर्णय प्रमाणित

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरवन, मोरङ
१ नं प्रदेश, नेपाल

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०१/२०७८/०७९

| | | |
|---|---|---|
| ४. | पूर्वाधार विकास समिति | १. श्री चरण गुरुङ -संयोजक<br>२. श्री केशव दाहाल -सदस्य<br>३. श्री पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव |
| ५. | वातावरण तथा विपद् व्यवस्थापन समिति | १. श्री मोहन प्रसाद अधिकारी -संयोजक<br>२. श्री राजकुमार लिम्वु -सदस्य<br>३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव |
| ६. | विधेयक समिति | १. श्री रमेश राउत -संयोजक<br>२. श्री दिपक प्रसाद लुँइटेल -सदस्य<br>३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव |

**निर्णय नं. (३)**

**प्रस्ताव नं. (३)** माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) को खण्ड (ख) को उपखण्ड (४) मा गाउँपालिकाका उपाध्यक्षले गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्ने भनी व्यवस्था भएकोमा उल्लिखित कार्य सम्पादन गर्नका लागि देहाय बमोजिमको गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| सि.नं. | गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समितिको गठन | |
|---|---|---|
| १. | श्री भोला प्रसाद अधिकारी, गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको वडा समिति सदस्य एकजना | सदस्य |
| ३. | कार्यपालिका सदस्य श्री पदम कुमारी कार्की | सदस्य |
| ४. | कार्यपालिका सदस्य श्री शुशिला श्रेष्ठ | सदस्य |
| ५. | पूर्वाधार विकास शाखाका प्रमुख वा निजले तोकेको प्राविधिक | सदस्य |
| ६. | साइट हेर्ने सम्बन्धित वडाका प्राविधिक | सदस्य |
| ७. | योजना तथा अनुगमन शाखाका प्रमुख वा कर्मचारी | सदस्य सचिव |

**निर्णय नं. (४)**

**प्रस्ताव नं. (४)** माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था भएकोमा कानेपोखरी गाउँपालिकामा देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समितिको गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| सि.नं. | स्थानीय राजस्व परामर्श समितिको गठन | |
|---|---|---|
| १. | श्री भोला प्रसाद अधिकारी, गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | कार्यपालिका सदस्य श्री रत्न बहादुर कार्की | सदस्य |
| ४. | कार्यपालिका सदस्य श्री प्रमिला परियार | सदस्य |
| ५. | निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य | |
| ६. | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | |



CamScanner

निर्णय प्रमाणित
२०७९।०२।२०

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०१/२०७८/०७९

| | |
|---|---|
| | सदस्य |
| ७. | कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव |

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम १७ को उपनियम (१) बमोजिम कानेपोखरी गाउँ कार्यपालिकाको प्रवक्ताको रुपमा २ नं. वडाका वडा अध्यक्ष एवम् गाउँ कार्यपालिकाका सदस्य श्री सुशील बुढाथोकीलाई तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात् दोस्रो पटक सम्पन्न स्थानीय तहको निर्वाचन बमोजिम कानेपोखरी गाउँपालिकाको वर्तमान गाउँ कार्यपालिकाको गठन भएको हुँदा यो कार्यकालको कार्यपालिकाको बैठक संख्याको निर्धारण देहाय बमोजिम कायम गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

दोस्रो कार्यकाल भएकाले शुरुमा दुई (२)/ यो कार्यकालको सिलसिलेबार बैठक संख्या/आर्थिक वर्ष उल्लेख गर्ने।
(उदाहरणको लागि यो कार्यकालको पहिलो बैठकको हकमा बैठक संख्या २/०१/०७८/०७९ कायम गर्ने)

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र बिग्रे/भत्केका सडकहरुको मर्मतसम्भार गर्न सम्बन्धित वडासँग आवश्यक समन्वय गरी सोको लगत पेश गर्न गाउँ कार्यपालिका मातहतको पूर्वाधार विकास समितिलाई जिम्मेवारी सुम्पने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा राष्ट्रपति चुरे संरक्षण आयोजना मार्फत् यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने वृक्षारोपण कार्यक्रम ७ नं. वडाको ग्रामीण सुधार सामुदायिक वनको सुकुना चौरीमा सञ्चालन गर्ने र सो कार्यक्रममा प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी दुई लाख रुपैंया बराबरको रकम साझेदारी गर्ने निर्णय सर्वसंम्मतीले पारित गरियो।

निर्णय नं. (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा आसन्न वर्षातको समयमा खोलानालामा आउने बाढीले स्थानीयस्तरमा पुर्याउने क्षतिको पुर्वानुमान गरी बासँ पाइलिङ गर्नुपर्ने सम्भावित स्थलको पहिचान सम्बन्धित वडासँग गरी सोको लगत तयार गरी पेश गर्ने गाउँ कार्यपालिका मातहतको वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवारी सुम्पने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा श्री सिंहदेवी मावि, कानेपोखरी ५ को पुरानो भवन भत्काउने अनुमती र राष्ट्रपति शैक्षिक सुधार आयोजना मार्फत् प्राप्त ४ कोठे भवन निर्माणका लागि जग्गाको साइज अनुसार भवनको संरचना निर्माण गर्नका लागि विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा समिति समेतको सिफारिसका आधारमा अनुमती प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) को खण्ड (घ) बमोजिम गाउँपालिकास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिमा देहायमा उल्लिखित कानेपोखरी गाउँ कार्यपालिकाका सदस्यहरुलाई तोक्दै कार्यविधिमा व्यवस्था भए बमोजिम गाउँपालिकास्तरीय सहजीकरण समिति (पदेन) गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**मिति २०७९।०२।२० गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णय**

CamScanner

निर्णय प्रमाणित

संतोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०१/२०७८/०७९

<u>देहायः</u>

क. प्रमिला परियार, र

ख. साउनी माझी।

यसका साथै सबै वडाको वडास्तरीय सहजीकरण समिति गठन गर्ने सबै वडालाई निर्देशन दिने र कानेपोखरी गाउँपालिकाको "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको सेवा केन्द्र" को सेवा केन्द्र प्रमुखको रुपमा कामकाज गर्न कार्यालयका अधिकृत छैठौं श्री गोविन्द प्रसाद फुयललाई तोक्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं</u>. (१२)

**प्रस्ताव नं. (१२)** माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको अपाङ्गता स्थानीय समन्वय समितिमा कार्यपालिकाको महिला सदस्य श्री पदम कुमारी कार्कीलाई मनोनयन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं</u>. (१३)

**प्रस्ताव नं. (१३)** माथि छलफल गर्दा आसन्न वर्षातको समयमा हुनसक्ने विपदबाट स्थानीयबासीलाई तत्काल राहत उपलब्ध गराउनका लागि प्रकोप व्यवस्थापन कोषबाट पाँच लाख रुपैंयासम्मको राहत (दाल,चामल,पाल,आदि) सामाग्री खरिद गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं</u>. (१४)

**प्रस्ताव नं. (१४)** माथि छलफल गर्दा आसन्न गाउँ सभा अधिवेशनमा देहायमा उल्लिखित विषयवस्तुलाई स्थानीय कानून मार्फत् व्यवस्थित बनाउन कानून तर्जुमाको मस्यौदा तयारी गरी कार्यपालिका समक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृत र विधेयक समितिलाई परिचालन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

- टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी
- नागरिक उपचार सहायता कोष सम्बन्धी
- अन्य विद्यमान कानूनहरुको सामयिक परिमार्जन।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मिति २०७९।०२।२० गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णय

CamScanner